विधेयक संख्या :

# अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक

**संघीय संसद सचिवालय**
**संसद भवन**
**सिंहदरबार**

# उद्देश्य र कारण

अभिलेख संरक्षण सम्बन्धी कानूनी व्यवस्थालाई समयानुकूल बनाउन र नेपालमा हाल रहेका अभिलेखहरुको संरक्षणका सम्बन्धमा प्रचलित कानूनमा रहेका अन्य समसामयिक र प्राविधिक विषयहरु सुधार गर्नको लागि अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले यो संशोधन विधेयक पेश गरेको छु।

असार, २०७७
काठमाडौं।

योगेश भट्टराई
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# आर्थिक टिप्पणी

प्रस्तुत संशोधन विधेयकमा अभिलेख सम्बन्धी ऐनलाई समयानुकूल बनाउन तथा नेपालमा रहेका अभिलेखको संरक्षण र व्यवस्थापनमा प्रभावकारीता ल्याउन प्रस्तुत ऐनलाई संशोधन गर्ने विषय भएको हुदाँ नेपाल सरकारलाई कुनै थप आर्थिक दायित्व नपर्ने व्यहोरा सहितको आर्थिक टिप्पणी पेश गरेको छु ।

असार,२०७७

योगेश भट्टराई
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# प्रत्यायोजित विधायन सम्बन्धी टिप्पणी

अभिलेख संरक्षण सम्बन्धी कानुनी व्यबस्थालाई समयानुकूल बनाउन तथा नेपालमा रहेका अभिलेखको संरक्षण र व्यवस्थापनमा प्रभावकारीता ल्याउन र कानुनमा रहेका अन्य समसामियक र प्राविधिक विषयहरु सुधार गर्न अभिलेख संरक्षण ऐन २०४६ मा "तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ भन्ने व्यबस्था भएकोले प्रस्तुत विधेयकको दफा २.१.४.७, दफा६क, दफा६ख२, दफा११ख३ मा उल्लिखित व्यबस्था नियमावलीमा समावेश गर्न प्रस्ताव गरिएको छ ।माथिको दफामा उल्लेख भए अनुसार प्रत्यायोजित व्यबस्थापनसंग प्रस्तावित ऐनको व्यबस्था नियमावलीमा बनाउनुपर्ने कारण र त्यसबाट पर्न सक्ने प्रभाव यसप्रकार रहेका छन्ः -

| क्र. स. | प्रत्यायोजित विधेयकक दफा | नियम बनाउन सकिने व्यवस्था | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा२.१.४.७ | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य निकाय वा कार्यालय | कार्यालयको परिभाषालाई समयानुकुल थप गरी नियमावलीमा राख्न उपयुक्त हुने । | कार्यालयको परिभाषामा समयानुकूल प्रष्टता आउने । |
| २. | दफा ६क | प्रदेश सरकार तथा स्थानीय तहले तोकिए बमोजिमका राष्ट्रिय महत्वका कागजातको एकप्रति संरक्षणको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ। | प्रदेश सरकार तथा स्थानीय तहले तोक्ने विषय नियमावलीमा राख्न उपयुक्त हुने भएकोले । | प्रदेश सरकार तथा स्थानीय सरकारको कार्यमा एकरुपता आउने । |
| ३. | दफा ६ख२ | उपदफा ६ख.१ बमोजिमको सम्पर्क व्यक्तिले कागजातको संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।” | अभिलेख संरक्षण सम्पर्क व्यक्तिले कागजातको संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने भएकोले । | अभिलेख संरक्षणमा अभिलेख संरक्षण सम्पर्क अधिकृतको जिम्मेवारीमा स्पष्टता आउने । |
| ४. | दफा११ख ३ | उपदफा ११ख.२ बमोजिम नेपाल बाहिर लैजाने कागजातको प्रयोजन, त्यसको सुरक्षा र नेपालमा फिर्ता ल्याउने अवधि सम्बन्धी व्यवस्था स्वीकृति दिंदाको बखत तोके बमोजिम हुनेछ। | नेपाल बाहिर लैजाने कागजातको प्रयोजन, त्यसको सुरक्षा र नेपालमा फिर्ता ल्याउने अवधि सम्बन्धी व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने । | नेपाल बाहिर लैजाने कागजातको प्रयोजन, त्यसको सुरक्षा र नेपालमा फिर्ता ल्याउने अवधि सम्बन्धी व्यवस्था नियमावलीमा राख्दा कार्यमा एकरुपता आउनुका साथै कार्य प्रकृयामा सहजता आउने । |

# अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| क्र. स. | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भः | यस ऐनको नाम "अभिलेख संरक्षण (पहिलो संशोधन) ऐन, २०७७" प्रस्ताव गरिएको छ। |
| २ | उपखण्ड २.१.१.१ को सट्टा देहायको उपखण्ड २.१.१.१राखिएको छः | परिभाषा खण्डमा हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, ऐन, सन्धि सम्झौता, पत्र–पत्रिका, चिठ्ठीपत्र, लिखत, चित्र, तस्वीर, नक्शा, योजना, चार्ट, फाइल, मिसिल, रजिष्टर, लालमोहर, स्याहामोहर, वंशावली, सनद, सवाल, रुक्का, एकछापे, दुईछापे, भूमिसम्बन्धी तमसुक वा कुनै प्रकाशन ।" "कम्प्युटर क्यासेटका" भन्ने शब्दहरुको सट्टा "कम्प्युटर क्यासेट लगायत डिजिटल वा विद्युतीय रेकर्डका" भन्ने शब्दहरू राखिएका छन् । ताडपत्र, भोजपत्र, स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र, शिलापत्र, काष्ठपत्र, ईष्टिकापत्र वा तिनका प्रतिलिपि वा तस्वीर ।" "पहिलो" भन्ने शब्दको सट्टा "प्रकाशनको प्रथम दिवसीय" भन्ने शब्दहरू राखिएका छन्। कुनै अभिलेख वा चित्र अंकित मृण्मय, छालाको गाता, हस्तिहाड, मुद्रा, तक्मा, पदक, मेडल, ट्रफि र शिलछाप " को परिभाषा गर्ने गरी प्रस्ताव गरिएको छ। |
| ३ | खण्ड २.१.२ मा संशोधन खण्ड | परिभाषा खण्डमा "उपदफा ५.१.१" भन्ने शब्दहरुको सट्टा "खण्ड ५.१.१" भन्ने शब्दहरु राखि थपिएको र स्पष्टता गर्न प्रस्ताव गरिएको छ। |
| ४ | २.१.२ मा देहायको खण्ड २.१.२ क थपिएको संशोधन | परिभाषा खण्डमा "संरक्षण" भन्नाले अभिलेखको मौलिक स्वरुप, गुण र मात्रामा फरक नपर्ने गरी उचित वातावरणमा राख्ने, किटाणु रहित बनाउने, मर्मत गर्ने, सफा राख्ने समेतको प्रबन्ध गरी परम्परागत तथा आधुनिक प्रविधिवाट सुरक्षित र व्यवस्थित राख्ने कार्य सम्झनु पर्छ "भनी परिभाषामा प्रस्ताव गरिएको छ। |
| ५ | खण्ड २.१.४ को सट्टा देहायको खण्ड २.१.४ राखिएको छः- | परिभाषा खण्डमा "कार्यालय" भन्नाले देहायका निकाय वा कार्यालय सम्झनु पर्छः- नेपाल सरकारका मन्त्रालय, अदालत, संवैधानिक निकाय, आयोग, सचिवालय, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय। नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारद्धारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था, प्रदेश सरकार र सो अन्तर्गतका कार्यालय, स्थानीय तह र सो अन्तर्गतका कार्यालय, विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,नेपाल सरकारबाट जारी आदेश बमोजिम स्थापना भएका निकाय वा कार्यालय, नेपाल सरकारले नेपाल |

| | | |
|---|---|---|
| | | राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य निकाय वा कार्यालय।" भनी कार्यालयको परिभाषा गर्ने प्रस्ताव गरिएको छ। |
| ६ | मूल ऐनको दफा ५ मा संशोधन | राष्ट्रिय अभिलेखालयको काम कर्तव्य र अधिकार अन्तर्गत " राष्ट्रिय महत्वका अभिलेखको सर्वेक्षण, खोज, संकलन, संरक्षण र सम्वर्द्धन गर्ने, ऐतिहासिक तथा राष्ट्रिय महत्वका कागजात उपहार मार्फत, खरिद, लिज वा अन्य माध्यमबाट संकलन वा प्राप्त गर्ने, कार्यालयमा रहेका कागजातको संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यको सुपरीवेक्षण गर्ने, कार्यालय, प्रदेश वा स्थानीय तहले राख्ने अभिलेख तथा कागजातको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा सहयोग गर्ने तथा परामर्श दिने " भनी प्रस्ताव गरिएको छ। |
| ७ | मूल ऐनको दफा ६ मा संशोधन | नेपाल पक्ष भएको कार्यालयसँग सम्बन्धित सन्धि, सम्झौताको प्रमाणित प्रति,"ताडपत्र, भोजपत्र, स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र, शिलापत्र, काष्ठपत्र, इष्टिकापत्र वा तिनका प्रतिलिपि वा तस्वीर,"र खण्ड ६.१.३ मा रहेको "पहिलो" भन्ने शब्दको सट्टा "प्रकाशनको प्रथम दिवसीय" भन्ने शब्दहरू राखिएका छन् भनी प्रस्ताव गरिएको छ। |
| ८ | (२)उपदफा ६.२ को,- उपदफा ६.३ पछि देहायको उपदफा ६.३क. थपिएकोछ | (क) खण्ड ६.२.४ मा रहेका "कम्प्युटर क्यासेटका" भन्ने शब्दहरुको सट्टा "कम्प्युटर क्यासेट लगायत डिजिटल वा विद्युतीय रेकर्डका" भन्ने शब्दहरु राखिएका छन्।<br>(ख) खण्ड ६.२.५ मा रहेका उपदफा " ६.२.१, ६.२.२, ६.२.३ वा ६.२.४ " भन्ने शब्दहरुको सट्टा "खण्ड ६.२.१, ६.२.२, ६.२.३ वा ६.२.४" भन्ने शब्दहरु राखिएका छन्।<br>६.३क.कार्यालयले प्रचलित कानून बमोजिम धुल्याएका कागजातको सूची सहितको पञ्जिका अभिलेखको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ " भनी प्रस्ताव गरिएको छ। |
| ९ | मूल ऐनमा दफा ६क. थप | "६क. प्रदेश सरकार तथा स्थानीय तहले कागजात पठाउनु पर्नेः प्रदेश सरकार तथा स्थानीय तहले तोकिए बमोजिमका राष्ट्रिय महत्वका कागजातको एकप्रति संरक्षणको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ " भनी प्रस्ताव गरिएको छ। |
| १० | मूल ऐनमा दफा ६ख. थप | "६ख. अभिलेख संरक्षण सम्पर्क व्यक्ति तोक्नुपर्ने :कार्यालयले कागजात संरक्षण तथा व्यवस्थापनको लागि एकजना कर्मचारीलाई अभिलेख संरक्षण सम्पर्क व्यक्तिको रुपमा तोक्नुपर्ने र उक्त सम्पर्क व्यक्तिले कागजातको संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ " भनी प्रस्ताव |

| | | |
|---|---|---|
| | | गरिएको छ । |
| ११ | मूल ऐनको दफा ७ मा संशोधन | मूल ऐनको दफा ७ को उपदफा ७.१ मा रहेका “कुनै व्यक्तिले” भन्ने शब्दहरूको सट्टा “ कुनै व्यक्ति वा संघ संस्थाले ” भनि प्रस्ताव गरिएको छ । |
| १२ | मूल ऐनमा दफा ११ख. थप | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका राष्ट्रिय महत्वका कागजात कसैले पनि नेपाल बाहिर लैजान नहुने, विशेष कारणले केही समयको लागि त्यस्ता कागजातको सक्कलप्रति नेपाल बाहिर लैजानु परेमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिनुपर्ने र त्यस्ता कागजातको प्रतिलिपि लैजानु परेमा राष्ट्रिय अभिलेखालयको सिफारिसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्वीकृति लिनुपर्ने, नेपाल बाहिर लैजाने कागजातको प्रयोजन, त्यसको सुरक्षा र नेपालमा फिर्ता ल्याउने अवधि सम्बन्धी व्यवस्था स्वीकृति दिंदाको बखत तोके बमोजिम हुने प्रावधानको प्रस्ताव गरिएको छ । |
| १३ | मूल ऐनको दफा १२ मा संशोधन | जरिवाना खण्ड अन्तर्गत उपदफा १२.१मा रहेका “पाँच हजार रुपैयाँसम्म” भन्ने शब्दहरूको सट्टा “पचास हजार रुपैयाँसम्म” भन्ने शब्दहरू, उपदफा १२.२ मा रहेका “पाँच हजारसम्म” भन्ने शब्दहरूको सट्टा “पचास हजार रुपैयाँसम्म” भन्ने शब्दहरू, उपदफा १२.३ मा रहेका“तीन हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद” भन्ने शब्दहरूको सट्टा “एक लाख रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद” भन्ने शब्दहरू र उपदफा १२.४ मा रहेका “ पाँच हजार रुपैयासम्म” भन्ने शब्दहरूको सट्टा “पचास हजार रुपैयासम्म” हुने व्यवस्था प्रस्ताव गरिएको छ । |

# अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको बिधेयक

प्रस्तावना : अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम "अभिलेख संरक्षण (पहिलो संशोधन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. अभिलेख संरक्षण ऐन, २०४६ को दफा २ मा संशोधनः अभिलेख संरक्षण ऐन, २०४६ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड २.१.१ को,-

(क) उपखण्ड २.१.१.१ को सट्टा देहायको उपखण्ड २.१.१.१ राखिएको छः

"२.१.१.१. हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, ऐन, सन्धि सम्झौता, पत्र–पत्रिका, चिठ्ठीपत्र, लिखत, चित्र, तस्वीर, नक्शा, योजना, चार्ट, फाइल, मिसिल, रजिष्टर, लालमोहर, स्याहामोहर, वंशावली, सनद, सवाल, रुक्का, एकछापे, दुईछापे, भूमिसम्बन्धी तमसुक वा कुनै प्रकाशन।"

(ख) उपखण्ड२.१.१.२ मा रहेका "कम्प्युटर क्यासेटका" भन्ने शब्दहरुको सट्टा "कम्प्युटर क्यासेट लगायत डिजिटल वा विद्युतीय रेकर्डका" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) उपखण्ड २.१.१.३ को सट्टा देहायको उपखण्ड २.१.१.३ राखिएको छः

"२.१.१.३ ताडपत्र, भोजपत्र, स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र, शिलापत्र, काष्ठपत्र, ईष्टिकापत्र वा तिनका प्रतिलिपि वा तस्वीर ।"

(घ) उपखण्ड २.१.१.४ मा रहेको "पहिलो" भन्ने शब्दको सट्टा "प्रकाशनको प्रथम दिवसीय" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) उपखण्ड २.१.१.४ पछि देहायको उपखण्ड २.१.१.५ थपिएको छः

"२.१.१.५ कुनै अभिलेख वा चित्र अंकित मृण्मय, छालाको गाता, हस्तिहाड, मुद्रा, तक्मा, पदक, मेडल, ट्रफि र शिलछाप ।"

(२) खण्ड २.१.२ मा रहेका "उपदफा ५.१.१" भन्ने शब्दहरुको सट्टा "खण्ड ५.१.१" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड २.१.२ पछि देहायको खण्ड २.१.२ क.थपिएको छः

"२.१.२क. "संरक्षण" भन्नाले अभिलेखको मौलिक स्वरुप, गुण र मात्रामा फरक नपर्ने गरी उचित वातावरणमा राख्ने, किटाणु रहित बनाउने, मर्मत गर्ने, सफा राख्ने समेतको प्रबन्ध गरी परम्परागत तथा आधुनिक प्रविधिवाट सुरक्षित र व्यवस्थित राख्ने कार्य सम्झनु पर्छ ।"

(४) खण्ड २.१.४ को सट्टा देहायको खण्ड २.१.४ राखिएको छः-

"२.१.४ "कार्यालय" भन्नाले देहायका निकाय वा कार्यालय सम्झनु पर्छः-

२.१.४.१ नेपाल सरकारका मन्त्रालय, अदालत, संवैधानिक निकाय, आयोग, सचिवालय, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,

२.१.४.२ नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारद्धारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

२.१.४.३ प्रदेश सरकार र सो अन्तर्गतका कार्यालय,

२.१.४.४ स्थानीय तह र सो अन्तर्गतका कार्यालय,

२.१.४.५ विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

२.१.४.६ नेपाल सरकारबाट जारी आदेश बमोजिम स्थापना भएका निकाय वा कार्यालय,

२.१.४.७ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य निकाय वा कार्यालय।"

३. <u>मूल ऐनको दफा ५ मा संशोधन</u>ः मूल ऐनको दफा ५ को उपदफा ५.१ को खण्ड ५.१.६ पछि देहायका खण्ड ५.१.६क., ५.१.६ख.,५.१.६ग. र ५.१.६घ. थपिएका छन्ः

"५.१.६क. राष्ट्रिय महत्वका अभिलेखको सर्वेक्षण, खोज, संकलन, संरक्षण र सम्वर्द्धन गर्ने,

५.१.६.ख. ऐतिहासिक तथा राष्ट्रिय महत्वका कागजात उपहार मार्फत, खरिद, लिज वा अन्य माध्यमबाट संकलन वा प्राप्त गर्ने,

५.१.६ग. कार्यालयमा रहेका कागजातको संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यको सुपरीवेक्षण गर्ने,

५.१.६ घ. कार्यालय, प्रदेश वा स्थानीय तहले राख्ने अभिलेख तथा कागजातको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा सहयोग गर्ने तथा परामर्श दिने ।"

४. <u>मूल ऐनको दफा ६ मा संशोधनः</u> मूल ऐनको दफा ६ को, (१) उपदफा ६.१ को,

(क) खण्ड ६.१.१ मा रहेका "उपदफा २.१.१.१ र २.१.१.२" भन्ने शब्दहरुको सट्टा "उपखण्ड २.१.१.१ र २.१.१.२" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड ६.१.१ पछि देहायको खण्ड ६.१.१क. थपिएको छः-

"६.१.१ क. नेपाल पक्ष भएको कार्यालयसँग सम्बन्धित सन्धि, सम्झौताको प्रमाणित प्रति,"

(ग) खण्ड ६.१.२ को सट्टा देहायको खण्ड६.१.२ राखिएको छः-

"६.१.२. ताडपत्र, भोजपत्र, स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र, शिलापत्र, काष्ठपत्र, इष्टिकापत्र वा तिनका प्रतिलिपि वा तस्वीर,"

(घ) खण्ड ६.१.३ मा रहेको "पहिलो" भन्ने शब्दको सट्टा "प्रकाशनको प्रथम दिवसीय" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा ६.२ को,-

(क)खण्ड ६.२.४ मा रहेका "कम्प्युटर क्यासेटका" भन्ने शब्दहरुको सट्टा "कम्प्युटर क्यासेट लगायत डिजिटल वा विद्युतीय रेकर्डका" भन्ने शब्दहरु राखिएका छन्।

(ख) खण्ड ६.२.५मा रहेका "उपदफा ६.२.१, ६.२.२, ६.२.३ वा ६.२.४" भन्ने शब्दहरुको सट्टा "खण्ड ६.२.१, ६.२.२, ६.२.३ वा ६.२.४" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा ६.३ पछि देहायको उपदफा ६.३क. थपिएकोछ :-

"६.३क. कार्यालयले प्रचलित कानून बमोजिम धुल्याएका कागजातको सूची सहितको पञ्जिका अभिलेखको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ ।"

५. <u>मूल ऐनमा दफा ६क. र ६ख. थप</u> : मूल ऐनको दफा ६ पछि देहायका दफा ६क. र ६ख. थपिएका छन् :

"६क. <u>प्रदेश सरकार तथा स्थानीय तहले कागजात पठाउनु पर्ने</u> : प्रदेश सरकार तथा स्थानीय तहले तोकिए बमोजिमका राष्ट्रिय महत्वका कागजातको एकप्रति संरक्षणको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ।

६.ख. <u>अभिलेख संरक्षण सम्पर्क व्यक्ति तोक्नु पर्ने</u> : -

६ख.१ कार्यालयले कागजात संरक्षण तथा व्यवस्थापनको लागि एकजना कर्मचारीलाई अभिलेख संरक्षण सम्पर्क व्यक्तिको रुपमा तोक्नु पर्नेछ।

६ख.२ उपदफा ६ख.१ बमोजिमको सम्पर्क व्यक्तिले कागजातको संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

६. <u>मूल ऐनको दफा ७ मा संशोधन</u>ः मूल ऐनको दफा ७ को उपदफा ७.१ मा रहेका "कुनै व्यक्तिले " भन्ने शब्दहरूको सट्टा " कुनै व्यक्ति वा संघ संस्थाले" भन्ने शब्दहरू राखिएका छन् ।

७. <u>मूल ऐनमा दफा ११ख. थप</u> : मूल ऐनको दफा ११क. पछि देहायको दफा ११ख. थपिएको छः–

११ख. <u>स्वीकृति लिनु पर्ने</u> :

११ख.१ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका राष्ट्रिय महत्वका कागजात कसैले पनि नेपाल बाहिर लैजान हुँदैन।

११ख.२ उपदफा ११ख.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष कारणले केही समयको लागि त्यस्ता कागजातको सक्कल प्रति नेपाल बाहिर लैजानु परेमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को र त्यस्ता कागजातको प्रतिलिपि लैजानु परेमा राष्ट्रिय अभिलेखालयको सिफारिसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

११ख.३ उपदफा ११ख.२ बमोजिम नेपाल बाहिर लैजाने कागजातको प्रयोजन, त्यसको सुरक्षा र नेपालमा फिर्ता ल्याउने अवधि सम्बन्धी व्यवस्था स्वीकृति दिंदाको बखत तोके बमोजिम हुनेछ ।"

८. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को,-

(१) उपदफा १२.१मा रहेका " पाँच हजार रुपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा " पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा १२.२ मा रहेका "पाँच हजारसम्म" भन्ने शब्दहरूको सट्टा "पचास हजार रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन्

(३) उपदफा १२.३ मा रहेका "तीन हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद" भन्ने शब्दहरूको सट्टा "एक लाख रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपदफा १२.४ मा रहेका "पाँच हजार रुपैयासम्म" भन्ने शब्दहरूको सट्टा "पचास हजार रुपैयासम्म" भन्ने शब्दहरू राखिएका छन् ।

“अभिलेख संरक्षण (पहिलो संशोधन) ऐन, २०७७” को तीन महले

| क्र. स. | हालको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १ | २.१.१. “कागजात” भन्नाले देहायका कुराहरू समेत सम्झनुपर्छ :–<br>२.१.१.१. हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, सन्धि सम्झौता, पत्र–पत्रिका, चिठ्ठीपत्र, लिखत, चित्र, तस्वीर, नक्शा, योजना, चार्ट, फाइल, मिसिल, रजिष्टर वा कुनै प्रकाशन ।<br><br>२.१.१.२ फिल्म, माइक्रोफिल्म, टेप (ध्वनी रेकर्ड), चलचित्र, कम्प्युटर डिस्क वा कम्प्युटर क्यासेटका मूलप्रति वा प्रतिलिपि ।<br><br>२.१.१.३ ताडपत्र, भोजपत्र, स्वर्णपत्र, ताम्रपत्र वा शिलापत्रको प्रतिलिपि वा तस्वीर ।<br><br>२.१.१.४ पहिलो टाँचा लागेको हुलाक टिकट तथा मनीअर्डर फर्म, हवाई पत्र र | (क) उपखण्ड २.१.१.१को सट्टा देहायको उपखण्ड २.१.१.१ राखिएको छ:<br>“२.१.१.१. हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, ऐन, सन्धि सम्झौता, पत्र–पत्रिका, चिठ्ठीपत्र, लिखत, चित्र, तस्वीर, नक्शा, योजना, चार्ट, फाइल, मिसिल, रजिष्टर, लालमोहर, स्याहामोहर, वंशावली, सनद, सवाल, रुक्का, एकछापे, दुईछापे, भूमिसम्बन्धी तमसुक वा कुनै प्रकाशन ।"<br><br>(ख) उपखण्ड २.१.१.२ मा रहेका “कम्प्युटर क्यासेटका” भन्ने शब्दहरुको सट्टा “कम्प्युटर क्यासेट लगायत डिजिटल वा विद्युतीय रेकर्डका” भन्ने शब्दहरू राखिएका छन् ।<br><br>(ग) उपखण्ड २.१.१.३ को सट्टा देहायको उपखण्ड २.१.१.३ राखिएको छ:<br>"२.१.१.३ ताडपत्र, भोजपत्र, स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र, शिलापत्र, काष्ठपत्र, ईष्टिकापत्र वा तिनका प्रतिलिपि वा तस्वीर ।”<br><br>(घ) उपखण्ड २.१.१.४ मा रहेको “पहिलो” भन्ने शब्दको सट्टा “प्रकाशनको प्रथम दिवसीय” भन्ने शब्दहरू राखिएका छन् ।<br>(ङ) उपखण्ड २.१.१.४ पछि देहायको उपखण्ड २.१.१.५ थपिएको छ: | राष्ट्रिय दृष्टिकोणले महत्वपूर्ण कागजातहरूलाई समेट्नु पर्ने भएकाले<br><br>कागजातका परिभाषामा विद्युतीय रेकर्डहरू समावेश गर्नु पर्ने भएकाले । रजतपत्र, काष्ठपत्र र ईष्टिका पत्रमा अभिलेख समेत पाईने तर सो को उल्लेख नभएका कारण समावेश गर्नु पर्ने भएकाले ।<br><br>हुलाक सेवा विभागमा प्रयोग गरिने मौलिक शब्द |

| | | | |
|---|---|---|---|
| | पोष्ट कार्डको नयाँ प्रकाशन ।<br><br>२.१.१.५ मूल ऐनमा व्यवस्था नभएको ।<br><br>२.१.२ मा अभिलेख भन्नाले राष्ट्रिय अभिलेखालयमा अभिलेखको रुपमा सुरक्षित रुपमा राखिएका कागजात र "उपदफा ५.१.१" बमोजिम दर्ता भएका कागजात सम्झनुपर्छ ।<br>२.१.२ क मूल ऐनमा व्यवस्था नभएको<br><br>२.१.४ "कार्यालय" भन्नाले नेपाल सरकारका मन्त्रालय तथा विभाग सम्झनुपर्छ र सो शब्दले संवैधानिक अङ्ग र नेपाल सरकारबाट समय समयमा गठन भएका अस्थायी वा आवधिक आयोगको कार्यालयलाई समेत जनाउनेछ । | "२.१.१.५ कुनै अभिलेख वा चित्र अंकित मृण्मय, छालाको गाता, हस्तिहाड, मुद्रा, तक्मा, पदक, मेडल, ट्रफि र शिलछाप ।"<br><br>(२) खण्ड २.१.२ मा रहेका "उपदफा ५.१.१" भन्ने शब्दहरुको सट्टा "खण्ड ५.१.१" भन्ने शब्दहरु राखिएका छन्।<br>(३) खण्ड २.१.२ पछि देहायको खण्ड २.१.२क.थपिएको छः<br><br>"२.१.२क. "संरक्षण" भन्नाले अभिलेखको मौलिक स्वरुप, गुण र मात्रामा फरक नपर्ने गरी उचित वातावरणमा राख्ने, किटाणु रहित बनाउने, मर्मत गर्ने, सफा राख्ने समेतको प्रबन्ध गरी परम्परागत तथा आधुनिक प्रविधिवाट सुरक्षित र व्यवस्थित राख्ने कार्य सम्झनु पर्छ ।"<br><br>(४) खण्ड २.१.४ को सट्टा देहायको खण्ड २.१.४ राखिएको छः-<br>"२.१.४ "कार्यालय" भन्नाले देहायका निकाय वा कार्यालय सम्झनु पर्छः-<br>२.१.४.१ नेपाल सरकारका मन्त्रालय, अदालत, संवैधानिक निकाय, आयोग, सचिवालय, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,<br>२.१.४.२ नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रमा रहेको संस्थान, कम्पनी, बैङ्क वा समिति वा प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारद्धारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,<br>२.१.४.३ प्रदेश सरकार र सो अन्तर्गतका कार्यालय,<br>२.१.४.४ स्थानीय तह र सो अन्तर्गतका कार्यालय,<br>२.१.४.५ विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै | भएकोले ।<br><br>अभिलेख अंकित ऐतिहासिक वस्तुहरूलाई कागजात परिभाषामा समावेश गर्नु पर्ने भएकोले ।<br><br>"संरक्षण" शब्दलाई परिभाषित गर्नुपर्ने भएकाले ।<br><br>नेपाल सरकारका जिम्मेवार निकायहरु सबैलाई समेट्न पर्ने भएकोले |

| | | | |
|---|---|---|---|
| | | प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,<br>२.१.४.६ नेपाल सरकारबाट जारी आदेश बमोजिम स्थापना भएका निकाय वा कार्यालय,<br>२.१.४.७ नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य निकाय वा कार्यालय।" | |
| २ | ५.१.६क मूल ऐनमा व्यवस्था नभएको ।<br><br>५.१.६ख मूल ऐनमा व्यवस्था नभएको ।<br><br>५.१.६ग मूल ऐनमा व्यवस्था नभएको ।<br><br>५.१.६घ मूल ऐनमा व्यवस्था नभएको । | "५.१.६क. राष्ट्रिय महत्वका अभिलेखको सर्वेक्षण, खोज, संकलन, संरक्षण र सम्वर्द्धन गर्ने<br><br>५.१.६ख. ऐतिहासिक तथा राष्ट्रिय महत्वका कागजात उपहार मार्फत, खरिद, लिज वा अन्य माध्यमबाट संकलन वा प्राप्त गर्ने,<br><br>५.१.६ग. कार्यालयमा रहेका कागजातको संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यको सुपरीवेक्षण गर्ने,<br><br>५.१.६घ. कार्यालय, प्रदेश वा स्थानीय तहले राख्ने अभिलेख तथा कागजातको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा सहयोग गर्ने तथा परामर्श दिने ।" | राष्ट्रिय महत्वका अभिलेखहरूको संकलन, संरक्षण, सम्बर्द्धन गर्नुपर्ने भएकाले ।<br><br>रेकर्ड प्राप्ति कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन ।<br>कार्यालयहरूमा रहेका रेकर्डको प्रदेश तथा स्थानीय तहका अभिलेखालय र निकायहरूका अभिलेखहरूको प्रभावकारी व्यवस्थापन गर्न । |
| ३ | ६.१. कार्यालयले देहायका कागजात सुरक्षित | मूल ऐनको दफा ६ को, | कागजातका |

| | | | |
|---|---|---|---|
| | रुपमा राख्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनुपर्नेछ ।<br>६.१.१. पच्चीस वर्ष वा सो भन्दा पुराना उपदफा २.१.१.१. र २. १.१.२ मा उल्लिखित राष्ट्रिय दृष्टिकोणले महत्वपुर्ण कागजात, | (१) उपदफा ६.१ को,<br>(क) खण्ड ६.१.१ मा रहेका "उपदफा २.१.१.१ र २.१.१.२" भन्ने शब्दहरुको सट्टा "उपखण्ड २.१.१.१ र २.१.१.२" भन्ने शब्दहरु राखिएका छन्। | परिभाषामा विद्युतीय रेकर्डहरू समावेश गर्नु पर्ने भएकाले । |
| | (ख) मूल ऐनमा व्यवस्था नभएको । | (ख) खण्ड ६.१.१ पछि देहायको खण्ड ६.१.१क. थपिएको छः-<br>"६.१.१क. नेपाल पक्ष भएको कार्यालयसँग सम्बन्धित सन्धि, सम्झौताको प्रमाणित प्रति," | हुलाक सेवा विभागले प्रयोग गरिआएको मौलिक शब्द भएकोले |
| | ६.१.२ ताडपत्र,भोजपत्र, स्वर्ण पत्र, ताम्र पत्र वा शिलापत्रको प्रतिलिपी वा तस्वीर,<br>६.१.३.प्रत्येक पहिलो टाँचा लागेको हुलाक टिकट वा मनीअर्डर फर्म, हवाई पत्र र पोष्ट कार्डको नयाँ प्रकाशन, | (ग) खण्ड ६.१.२ को सट्टा देहायको खण्ड६.१.२ राखिएको छः-<br>"६.१.२ ताडपत्र, भोजपत्र, स्वर्णपत्र, रजतपत्र, ताम्रपत्र, शिलापत्र, काष्ठपत्र, इष्टिकापत्र वा तिनका प्रतिलिपि वा तस्वीर,"<br>(घ) खण्ड ६.१.३ मा रहेको "पहिलो" भन्ने शब्दको सट्टा "प्रकाशनको प्रथम दिवसीय" भन्ने शब्दहरू राखिएका छन् । | |
| | ६.२.४ फिल्म, माइक्रोफिल्म, (ध्वनी रेकर्ड), चलचित्र वा कम्प्युटर डिस्क वा कम्प्युटर क्यासेटका मूलप्रति वा प्रतिलिपि, | (२)उपदफा ६.२ को,-<br>(क)खण्ड ६.२.४ मा रहेका "कम्प्युटर क्यासेटका" भन्ने शब्दहरुको सट्टा "कम्प्युटर क्यासेट लगायत डिजिटल वा विद्युतीय रेकर्डका" भन्ने शब्दहरु राखिएका छन्।<br>(ख) खण्ड ६.२.५ मा रहेका "उपदफा ६.२.१, ६.२.२, ६.२.३ वा ६.२.४" भन्ने शब्दहरुको सट्टा "खण्ड ६.२.१, ६.२.२, ६.२.३ वा ६.२.४" भन्ने शब्दहरु राखिएका छन्।<br>(३) उपदफा ६.३ पछि देहायको उपदफा ६.३क. | |

| | | | |
|---|---|---|---|
| | ६.३.क. मूल ऐनमा व्यवस्था नभएको । | थपिएकोछ :-<br><br>“६.३ क. कार्यालयले प्रचलित कानून बमोजिम धुल्याएका कागजातको सूची सहितको पञ्जिका अभिलेखको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ ।” | सरकारी कागजात धुल्याउने क्रममा महत्वपूर्ण कागजातहरूको मूल्याङ्कन छनौट गर्नुपर्ने र धुल्याएका । |
| ४ | मूल ऐनमा नभएको | मूल ऐनको दफा ६ पछि देहायका दफा ६ क. र ६ ख. थपिएका छन् :<br>“६क. प्रदेश सरकार तथा स्थानीय तहले कागजात पठाउनु पर्ने_: प्रदेश सरकार तथा स्थानीय तहले तोकिए बमोजिमका राष्ट्रिय महत्वका कागजातको एकप्रति संरक्षणको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ। | प्रदेश सरकार तथा स्थानीय तहका महत्वपुर्ण कागजातहरूको रेकर्ड राख्न आवश्यक भएकाले |
| ५ | मूल ऐनमा नभएको | ६ख. अभिलेख संरक्षण सम्पर्क व्यक्ति तोक्नु पर्ने :<br>६ख.१ कार्यालयले कागजात संरक्षण तथा व्यवस्थापनको लागि एकजना कर्मचारीलाई अभिलेख संरक्षण सम्पर्क व्यक्तिको रुपमा तोक्नु पर्नेछ।<br>६ख.२ उपदफा ६ख.१ बमोजिमको सम्पर्क व्यक्तिले कागजातको संरक्षण तथा व्यवस्थापन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।” | कागजातहरूको रेकर्ड राख्न जिम्मेवार व्यक्ति तोक्न आवश्यक भएकाले |
| ६ | ७.१ कुनै व्यक्तिले आफूसँग रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा अन्य दृष्टिकोणले राष्ट्रिय महत्वको कुनै कागजात राष्ट्रिय सम्पत्तिको रुपमा सुरक्षित तरिकाले संरक्षण गर्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाउन सक्नेछ | मूल ऐनको दफा ७ को उपदफा ७.१ मा रहेका “कुनै व्यक्तिले” भन्ने शब्दहरूको सट्टा“ कुनै व्यक्ति वा संघ संस्थाले” भन्ने शब्दहरू राखिएका छन् । | संघसंस्थालाई पनि समेट्नु पर्ने भएकाले । |

| | | | |
|---|---|---|---|
| ७ | मूल ऐनमा व्यवस्था नभएको । | ११ख. स्वीकृति लिनुपर्ने :-<br>११ख.१. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका राष्ट्रिय महत्वका कागजात कसैले पनि नेपाल बाहिर लैजान हुँदैन।<br>११ख.२. उपदफा ११ख.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष कारणले केही समयको लागि त्यस्ता कागजातको सक्कल प्रति नेपाल बाहिर लैजानु परेमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को र त्यस्ता कागजातको प्रतिलिपि लैजानु परेमा राष्ट्रिय अभिलेखालयको सिफारिसमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।<br>११ख.३.उपदफा ११ख.२ बमोजिम नेपाल बाहिर लैजाने कागजातको प्रयोजन, त्यसको सुरक्षा र नेपालमा फिर्ता ल्याउने अवधि सम्बन्धी व्यवस्था स्वीकृति दिंदाको बखत तोके बमोजिम हुनेछ ।" | राष्ट्रिय महत्वका अभिलेखहरू मुलुक बाहिर लैजाने व्यबस्थालाई व्यबस्थित गर्नुपर्ने भएकाले । |
| ८ | १२.१ अभिलेख सुरक्षित राख्नुपर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारीले दफा ९ बमोजिमको निषेधित अभिलेख तोकिएको व्यक्ति बाहेक अरुलाई हेर्न, सार्न वा सोको प्रतिलिपि दिएमा त्यस्तो कर्मचारीलाई पाँच हजार रुपैयाँसम्म जरीवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>१२.२ अभिलेख सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारीले उपदफा ११.१ को उल्लङ्घन गरी अभिलेखमा केरमेट वा थपघट गरेमा, च्यातेमा वा नष्ट गरेमा त्यस्तो कर्मचारीलाई | मूल ऐनको दफा १२ को:-<br>(१) उपदफा १२.१ मा रहेका " पाँच हजार रुपैयाँसम्म " भन्ने शब्दहरूको सट्टा " पचास हजार रुपैयाँसम्म " भन्ने शब्दहरू राखिएका छन् ।<br>(२) उपदफा १२.२ मा रहेका " पाँच हजारसम्म " भन्ने शब्दहरूको सट्टा " पचास हजार रुपैयाँसम्म " भन्ने शब्दहरू राखिएका छन् | विद्यमान दण्ड सजायको व्यवस्था कम भएकाले समय सापेक्ष हुने गरी परिमार्जन गर्नु पर्ने भएको । |

| | | | |
|---|---|---|---|
| | पाँच हजार रुपैयाँसम्म जरीवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>१२.३ अभिलेख सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारी बाहेक अरु कसैले उपदफा ११.२ को उल्लङ्घन गरी अभिलेखमा केरमेट वा थपघट गरेमा, च्यातेमा वा नष्ट गरेमा निजलाई तीन हजार रुपैयाँसम्म जरीवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br><br>१२.४ उपदफा १२.१, १२.२ र १२.३ मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने गरी कसैले कुनै काम गरेमा निजलाई पाँचहजार रुपैयाँसम्म जरीवाना हुनेछ । | (३) उपदफा १२.३ मा रहेका "तीन हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद" भन्ने शब्दहरूको सट्टा "एक लाख रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद" भन्ने शब्दहरू राखिएका छन् ।<br><br>(४) उपदफा १२.४ मा रहेका "पाँच हजार रुपैयासम्म" भन्ने शब्दहरूको सट्टा "पचास हजार रुपैयासम्म" भन्ने शब्दहरू राखिएका छन् । | |